*बैठक संख्याः- ०१*

आज मिति २०८३ श्रावण २९ गते शुक्रबारका दिन घ्याङलेख गाउँकार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो।

## उपस्थिति

| क्र.स. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री शंकरमान घलान | उपाध्यक्ष | |
| ३ | श्री सोम बहादुर भोलन | सदस्य | |
| ४ | श्री रोशन कुमार भोलन | सदस्य | |
| ५ | श्री निश्चल सुनुवार | सदस्य | |
| ६ | श्री अमृत वाईबा | सदस्य | |
| ७ | श्री ज्ञान बहादुर सिंजाली मगर | सदस्य | |
| ८ | श्री गंगा माया कामी | सदस्य | |
| ९ | श्री सान्नानी नेपाली | सदस्य | |
| १० | श्री साल माया लो | सदस्य | |
| ११ | श्री रमा कुमारी च्याङ्मी | सदस्य | |
| १२ | श्री निम बहादुर थामी | सदस्य | |
| १३ | श्री मिठु कुमारी विश्वकर्मा | सदस्य | |
| १४ | श्री दाताराम प्याकुरेल | सचिव | |

## अन्य उपस्थिती

| क्र.स. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुधन थिङ | अधिकृत छैटौं | |

**घ्याङलेख गाउँपालिका**
**गाउँकार्यपालिकाको बैठक**
**मिति २०८३ श्रावण २९ गते शुक्रबार**
**बैठकका प्रस्ताव तथा निर्णयहरु**

**बैठकका प्रस्तावहरुः-**

१. आ.व. २०८३।०८४ का लागि तयार गरिएको स्थानीय दररेट स्वीकृत गर्ने सम्बन्धमा।
२. आ.व. २०८३।०८४ को खरिद योजना तयारी सम्बन्धमा।
३. इजाजत पत्र प्रदान सम्बन्धमा।
४. रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी एकीकृत सेवा प्रवाह कार्यविधि, २०८३ अन्तरगत स्थानीय कार्यान्वयन समिति गठन सम्बन्धमा।
५. मा.वि. मरिण हायुटारको जग्गा सम्बन्धमा।
६. योजना कार्यान्वयन स्थल छनौट गरी पठाउने सम्बन्धमा।
७. आर्थिक सहयोग सम्बन्धमा।
८. कृषि एम्बुलेन्स सम्बन्धमा।
९. विविध सम्बन्धमा।

<table>
<tr><th>प्रस्ताव नं.</th><th>निर्णयहरु</th></tr>
<tr><td>१</td><td>यस गाउँपालिकाको आ.व. २०८३।०८४ को योजना तथा कार्यक्रमहरु सञ्चालन गर्नका लागि स्थानीय दररेट समितिबाट पेश भई आएका स्थानीय दररेट छलफल गरि स्वीकृत गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>२</td><td>आ.व. २०८३।०८४ का लागि वार्षिक खरिद योजना तपसिल अनुसार गर्ने।गराउने निर्’णय गरियो।<br><br><u>तपसिलः</u><br>१. २० लाख भन्दा माथिका योजना तथा कार्यक्रमहरु अनिवार्य रुपमा बोलपत्र आह्वान गरी कार्यान्वयन गर्ने,<br>१. २० लाखसम्मको लागि कामको प्रकृतिको आधारमा उ.स., कोटेशन मार्फत् गर्ने</td></tr>
<tr><td>३</td><td>यस घ्याङलेख गाउँपालिकाको “घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७६ को दफा २(४) मा व्यवस्था भए अनुसार वि.वि.एस. इञ्जिनियरिङ कन्स्ट्रक्सन एण्ड सप्लायर्स, घ्याङलेख-५, सिङ्पाल सिरानटोललाई कार्यविधिको अनुसूची-५ बमोजिम सिफारिस समितिको सिफारिस अनुसार “घ” वर्गको इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>४</td><td>रोजगार, सीप तथा उद्यमशीलता सम्बन्धी एकीकृत सेवा प्रवाह कार्यविधि, २०८३ को दफा ४० अन्तरगत तपसिल अनुसार स्थानीय कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो।
<table>
<tr><th>क्र स</th><th>स्थानीय कार्यान्वयन समिति</th><th>नाम</th><th>समिति रहने पद</th></tr>
<tr><td>१</td><td>प्रमुख/ अध्यक्ष -संयोजक</td><td>जगत बहादुर भोलन</td><td>संयोजक</td></tr>
<tr><td>२</td><td>उपप्रमख /उपाध्यक्ष - सदस्य</td><td>शंकरमान घलान</td><td>सदस्य</td></tr>
<tr><td>३</td><td>प्रमुख प्रशासकीय अधिकृत - सदस्य</td><td>दाताराम प्याकुरेल</td><td>सदस्य</td></tr>
<tr><td>४</td><td>प्रमुख, उद्योग सम्बन्धी विषय हेर्ने विभाग/महाशाखा/ शाखा सदस्य</td><td>हिरा कुमारी पहाडी (सापकोटा)</td><td>सदस्य</td></tr>
<tr><td>५</td><td>प्रतिनिधि स्थानीयस्तरका निजी क्षेत्रका छाता संगटनहरु मध्येवाट संयोजकले</td><td>बेनी बहादुर खड्का</td><td>सदस्य</td></tr>
</table></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | मनोनित गरेको कम्तीमा १ महिला सहित २ जना - सदस्य | | |
| | | मेनुका बुढाथोकी | सदस्य |
| ६ | प्रतिनिधि, प्रदेश प्राविधिक शिक्षा व्यावसायिक तालिम परिषद्ले तोकेको शिक्षालय प्रमुख - सदस्य | | सदस्य |
| ७ | प्रतिनिधि, स्थानीय स्तरको बैंक तथा वित्तिय संस्था प्रमुख मध्येबाट संयोजक तोकेको १ जना- सदस्य | | सदस्य |
| ८ | रोजगार संयोजक /केन्द्र संयोजकको जिम्मेवारीमा रहने कर्मचारी –सदस्य सचिव | मस्त कुमार वाइबा | सदस्य सचिव |

| | |
|---|---|
| ५ | यस घ्याङलेख गाउँपालिका अन्तर्गत मा.वि.मरिण हायुटारको धेरै बर्ष पहिले जग्गा खरिद गरि भोगचलन गर्दै आएको भोगचलनकै आधारमा जग्गा किनबेच हुने गरेको र जग्गा दाताले पनि विद्यालयलाइ बेचेको जग्गा भनि छुट्याइ दिएकोले उक्त जग्गामा नै विद्यालयको भवनहरु बनिसकेको र विद्यालयको कम्पाउण्ड संगै गाँसिएको कम्पाउण्ड बाहिरको जग्गामा ब्यक्तिहरुको घर बनेकोमा उक्त समयमा ती जग्गाहरु (विद्यालयलाइ र ब्यक्तिहरुलाइ) बेच्ने ब्यक्ति एउटै भएकोले सबैले आ आफ्नै ठाउँ भनि विद्यालय र ब्यक्तिहरुले आ आफ्नो भवन भोगचलन गरिरहेकै ठाउँमा निर्माण कार्य गरेको र त्यसै समयमानै भुलबस विद्यालयको कम्पाउण्ड बाहिरको जग्गा विद्यालयको पर्न गएछ र विद्यालय चाहिं ब्यक्तिहरुको जग्गामा बन्न पुगेछ। यसमा नियतवस कसैले पनि निर्माण कार्य गरेको होइन र अब उक्त जग्गादाताहरु एक आपसमा जग्गा साटासाट गर्न पनि इच्छुक भएकोले दुबै पक्षको जग्गाहरुको मुल्याङ्कन पनि आर.एस.एस. इन्जिनियरिङ कन्सल्ट्यान्सि, सिन्धुलीद्धारा भएकोमा दुबै पक्ष पनि उक्त मुल्याङ्कन प्रति मन्जुर भएकोले विद्यालयको जग्गाको क्षेत्रफलमा राज्यको सडकले काटेको क्षेत्र बाहेक विद्यालयको क्षेत्रफल नघट्ने गरि "शिक्षा नियमावलि २०५९ को नियम नं. १६१ को उप नियम २ बमोजिम विद्यालयको खेल मैदान वा कम्पाउण्ड सङ्ग जोडिएको जग्गा भए सट्टा पट्टा गर्न सकिने छ" भन्ने ब्यबस्था भएकोले सो सम्बन्धी ब्यबस्थाको लागी ब्यक्तिहरुको र विद्यालयसँग सम्बन्धित कागजातहरु सहित थप प्रकृया अगाडि बढाउन सहजिकरणको लागी यस पालिकालाई अनुरोध भई आएको हुँदा जिल्ला प्रशासन कार्यालय, सिन्धुली, शिक्षा विकास तथा समन्वय इकाई, सिन्धुली र सम्बन्धित निकायहरुमा समन्वय गर्दै पत्राचार गर्ने निर्णय गरियो। |
| ६ | यस घ्याङलेख गाउँपालिका अन्तरगत सङ्घीय सरकार र प्रदेश सरकारबाट विनियोजित विभिन्न |

योजनाहरुलाई कार्यान्वयन गर्न तपसिल अनुसार स्थान छनौट गरी पठाउने निर्णय गरियो।

**तपसिलः**

१. शहरी सडक मर्मत तथा सडक सुरक्षा कार्यक्रम अन्तरगत सिन्धुली जिल्ला स्थित घ्याङलेख गाउँपालिकामा शहरी सडक स्तरोन्नतीः- घ्याङलेख गा.पा.२ अन्तरगत केराबारी देखि सातदोबाटोसम्मको खण्ड

२. बागमती प्रदेश सरकारद्धारा मानव विकास सूचाङ्कमा पछाडी परेको भनी घ्याङलेख गा.पा.लाई विनियोजन गरेको रकम रु ८०,००,०००।– (असी लाख) लाई देहायको स्थानहरुमा कार्यान्वयन हुने गरी छनौट गरी पठाउने निर्णय गरियो।

**देहायः**

१. सिम्ले खट्टार देखि थलागाउँसम्मको सडक खण्ड (वडा नं.१) - रु ६०,००,०००।– (साठ्ठी लाख)

२. आरुबोट जुरे सडकखण्ड (वडा नं.४) – २०,००,०००।– (विस लाख)

७

यस कार्यालयमा विभिन्न मितिमा आर्थिक सहयोगका लागि निवेदन पेश हुन आएकाहरुलाई तपसिल अनुसार आर्थिक सहयोग गर्नुपर्ने प्रकृतिको लागि आधारमा भुक्तानी गर्ने निर्णय गरियो।

तपसिलः

| क्र.स. | नाम, थर र ठेगाना | रकम रु | आर्थिक सहयोग गर्नुपर्ने कारण |
|---|---|---|---|
| १ | लोक कुमारी खड्का, वडा नं.१ | २०,०००।- | गोठ जलेको |
| २ | चमार सिं थिङ, वडा नं. ५ | २०,०००।- | घर जलेको |
| ३ | धन बहादुर घोले, वडा नं.२ | २०,०००।- | पहिरो आई घरमा क्षति पुऱ्याएको |
| ४ | लक्ष्मी माया स्याङ्तान, वडा नं.४ | २०,०००।- | मृगौलाको बिरामी |

८

कृषि एम्बुलेन्स सञ्चालन सम्बन्धी दररेट पेश गर्न तपसिल अनुसारको समिति गठन गर्ने निर्णय गरियो। गठित समितिले अर्को पटक बस्ने कार्यपालिका बैठकमा दररेट सहित प्रतिवेदन पेश गर्नुपर्नेछ।

**तपसिलः**

१. अमृत वाईबा (वडा अध्यक्ष-४) – संयोजक

२. निम बहादुर थामी (का.पा. सदस्य) – सदस्य

३. छिरिङ दोर्जे लामा (कृषि विकास शाखा प्रमुख) – सदस्य सचिव

**९ विविध सम्बन्धमा छलफल गर्दाः**

क घ्याङलेख गाउँपालिका वडा नं.१ स्थित सेमथान झर्ना जाने गोरेटो बाटो अमानबाट मर्मत गर्न बजेट व्यवस्थापन गरी कार्यालयबाट कार्यान्वयन गर्ने निर्णय गरियो।

ख यस घ्याङलेख गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) पुनरावलोकन गरी दर्ताका लागि प्रदेश किताबखानामा यथाशीघ्र पठाउने निर्णय गरियो।

ग सडक हेरालुको सम्बन्धमा सम्बन्धित वडा कार्यालयहरुको सिफारिस बमोजिम यस गाउँपालिकाको कार्यालयबाट मिति २०८३।०४।०१ गते गाउँपालिकाको अध्यक्षस्तरीय निर्णयबाट

देहाय बमोजिम नियुक्ति गरी कामकाजमा लगाइएको हुँदा सो नियुक्ति अनुमोदन गर्दै नियमानुसार भुक्तानी गर्ने निर्णय गरियो।

| **क्र.स.** | **नाम, थर** | **वडा नं.** | **काम गर्ने स्थान** |
|---|---|---|---|
| १ | साङ्ध्वज भोलन | १ | गुण्टेखोला- सुकाचुरी सडकखण्ड |
| २ | जित बहादुर स्याङ्तान | २ | खट्टार – थलागाउँ सडकखण्ड |
| ३ | मिन बहादुर थामी | २ | भैंसे - सातदोबाट सडकखण्ड |
| ४ | केशब थामी | २ | केराबारी- भैंसे सडकखण्ड |
| ५ | | | |
| ६ | | | |
| ७ | फुल कुमार वाईबा | ४ | बेलबोट, जुरे, बन्दिपुर हुँदै गोठडाँडा सडकखण्ड |
| ८ | पाल्देन मोक्तान | ४ | रामभेडा, जुगेपानी, लाखाङगुम्बा, चौकीडाँडा हुँदै गोठडाँडा सडकखण्ड |
| ९ | राम सिङ वाईबा | ५ | |
| १० | धन बहादुर स्याङ्तान | ५ | |